सम्पर्क नं. : ०२५५४३०३०

# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०७९/०८०
च. नं. :- ४५४०

मिति : २०८०/०३/३१

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) बमोजिम सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिका १ देखि १२ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई २०८० श्रावण १ गते देखि श्रावण मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ। साथै उक्त बमोजिमको म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने प्रावधान समेत रहेको हुँदा सोही अनुरुप गर्नु गराउनु हुन समेत अनुरोध छ। आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याँहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन्।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु :**

- हालसालै खिचेको फोटो १ प्रति, नागरिकता प्रमाण पत्रको फोटोकपि, बैंक चेकको फोटोकपि र सक्कलै सामाजिक सुरक्षा परिचंयपत्र,
- बिधुवा/एकल महिलाको हकमा पतिको मृत्युदर्ताको फोटोकपि र वडा कार्यालय बाट अविवाहित सिफारिस
- बालबालिकाको हकमा जन्मदर्ताको फोटोकपि, संरक्षक बाबु वा आमाको नागरिकताको फोटोकपि र फोटो
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपि, नागरिकता वा जन्मदर्ता तथा संरक्षकको नागरिकता प्रमाणपत्रको फोटोकपि र फोटो

**पुनश्च :**

- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचनासाथ संलग्न छ।

**बोधार्थ :**

१) श्री सूचना प्रविधि शाखा, सूचना सम्प्रेषणको लागि।
२) श्री १ देखि १२ वटै वडा कार्यालय, आवश्यक समन्वय तथा सूचना टास गर्नु हुन।

३।४१

नि.प्रमुख प्र.अधिकृत

Website : www.duhabimun.gov.np,
Email i.d. : duhabibhaluwamun@gmail.com

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा

मितिः ....।..।...

विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।

श्री अध्यक्षज्यू,

...............................गाउँपालिका / नगरपालिका

वडा नं. ...............

जिल्ला..................

प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

| | |
|---|---|
| नाम थर:- | लिङ्ग:- |
| लक्षित समूह:- | सामाजिक सुरक्षा परिचयपत्र नं:- |
| राष्ट्रिय परिचयपत्र नं.:- | सम्पर्क मोबाइल नं:- |
| दस्तखत:- | मिति:- |